नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.: ०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्या:- शा.सु. ०८३/०८४/१७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ६०९ प्र प्रशासन शाखा
०८६।२०

सिंहदरबार,
काठमाडौं, नेपाल।

मितिः २०८३।०६।१९
नेपाल संवत् ११४६

विषयः- हेलिकप्टर उद्धार सिफारिस सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

प्रस्तुत सन्दर्भमा, जिल्ला प्रशासन कार्यालयहरूको सिफारिसका आधारमा आकस्मिक रूपमा बिरामी, घाइते तथा विपद् प्रभावित व्यक्तिहरूको हेलिकप्टरमार्फत उद्धारका लागि गृह मन्त्रालय एवं राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट समन्वय हुँदै आएको विषय विदितै छ। पछिल्लो समय केही जिल्लाहरूबाट घटनाको यथार्थ स्थिति विश्लेषण नगरी असम्बन्धित वा सामान्य अवस्थामा समेत उद्धारका लागि सिफारिस भई आउने गरेको पाइएकाले कार्यसम्पादनलाई थप व्यवस्थित र पारदर्शिता कायम गर्न आवश्यक देखिएको छ।

अतः अब उप्रान्त घटनाको संवेदनशीलता, गाम्भिर्यता र अति आवश्यक अवस्थालाई पूर्ण रूपमा मनन गरी देहाय बमोजिमका सर्तहरूको पालनासहित प्रमुख जिल्ला अधिकारी वा निजको निर्णयमा तोकिएको पदाधिकारीको हस्ताक्षरबाट मात्र हेलिकप्टर उद्धार सिफारिस पठाउनुहुन निर्णयानुसार अनुरोध छ। साथै, सिफारिस भएबमोजिम घटनाको वस्तुस्थिति फरक पाइएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी नै जिम्मेवार हुनुपर्ने व्यहोरासमेत मिति २०८३।०६।१९ गतेको सचिवस्तरीय निर्णयानुसार जानकारीका लागि अनुरोध गरिन्छ।

देहायः

१. **विपद् सम्बन्धी घटनामा नेपाली सेनाको हेलिकप्टर माग गर्दाः**

- बाढी-पहिरोलगायतका आकस्मिक विपद्का घटनामा भौगोलिक विकटताका कारण सडक पहुँच नपुगेको वा मुख्य सडकमार्ग पूर्ण रूपमा अवरुद्ध भई पैदल तथा सवारीसाधनबाट घाइते/पीडितको स्थानान्तरण सम्भव नरहेको कुरा स्थानीय प्रहरी र स्थानीय तहसँगको समन्वयमा पुष्टि भएपछि मात्र सिफारिस गर्ने।
- विपद्का कारण गम्भीर बिरामी वा घाइते भएका व्यक्तिहरूको स्थानीय स्वास्थ्य संस्थाका चिकित्सकद्वारा स्थानीय स्तरमा उपचार सम्भव नरहेको र तत्काल उद्धार नगरिए ज्यानसमेत जान सक्ने भनी स्पष्ट सिफारिस प्राप्त भएमा मात्र हेलिकप्टर माग गर्ने।
- ठूला प्राकृतिक विपद् (जस्तैः ठूलो बाढी, पहिरो, भूकम्प आदि) मा तत्काल खोजी तथा उद्धार कार्य सञ्चालन गर्नुपर्ने अवस्थामा मात्र हेलिकप्टर माग गर्ने।
- माथि उल्लिखित अवस्थामा सोझै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सम्बोधन गरी पत्राचार गरी मन्त्रालयमा समेत बोधार्थ दिने एवम् भुक्तानी गर्ने निकायका रूपमा प्राधिकरणको नाम उल्लेख गर्ने।

२. **सम्बन्धित व्यक्तिले खर्च बेहोर्ने गरी नेपाली सेनाको हेलिकप्टर माग गर्दाः**

- विपद् बाहेकका अन्य अवस्थाका गम्भीर बिरामी तथा घाइतेहरूलाई नेपाली सेनाको हेलिकप्टरमार्फत स्थानान्तरण गर्नुपरेमा स्थानीय स्वास्थ्य संस्थाका चिकित्सकद्वारा स्थानीय स्तरमा उपचार सम्भव नरहेको र तत्काल उद्धार

नेपाल सरकार
# गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.: ०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्या:- शा.सु. ०८३/०८४/१७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय

- नगरिए ज्यान जाने जोखिम रहेको स्पष्ट सिफारिसको आधारमा सम्बन्धित व्यक्ति/पक्ष स्वयंले नै खर्च व्यहोर्ने गरी गृह मन्त्रालयमा सिफारिस गर्ने।

३. **गर्भवती तथा सुत्केरी महिलाहरूको हकमा हेलिकप्टर माग गर्दा:**

- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०८२ बमोजिम उद्धार कार्यक्रम लागू भएका क्षेत्रका जटिल अवस्थाका गर्भवती तथा सुत्केरी महिलाहरूको हकमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई तत्काल सिफारिस गर्ने।

४. **निजी हेलिकप्टर माग गर्दा:**

- निषेधित क्षेत्रमा हेलिकप्टरमार्फत उद्धार उडान गर्नुपर्ने भएमा सीमा तथा अध्यागमन प्रशासन शाखाको च.नं. १३२९, मिति २०८२/१२/२७ को परिपत्रअनुसार प्रक्रिया पुऱ्याउने।
- सोबाहेक अन्य सामान्य उद्धार प्रयोजनका लागि निजी हेलिकप्टर प्रयोग गर्दा गृह मन्त्रालयको पूर्वस्वीकृति/अनुमति लिनु नपर्ने।

५. **संलग्न गर्नुपर्ने कागजात तथा खुलाउनुपर्ने विवरण:**

- हवाई उद्धार गर्नुपर्ने व्यक्तिको संभव भए सम्म नागरिकताको प्रतिलिपि वा अन्य परिचय खुल्ने कागजातको प्रतिलिपि,
- बिरामी तथा घाईतेको हकमा स्थानीय स्वास्थ्य संस्था/ सम्बन्धित स्थानीय तहको सिफारिश पत्र,
- सम्वन्धित व्यक्तिले बेहोर्नेको हकमा खर्च बेहोर्ने प्रतिवद्दता सहितको निवेदन वा पत्र,
- पत्रमा देहाय वमोजिम विवरण अनिवार्य खुलाउनु पर्ने।
    - उडानको प्रयोजन
    - उडान सेक्टर
    - उडान मिति
    - बिल भुक्तानी गर्ने निकाय/व्यक्ति
    - हेली अवतरण गर्ने स्थान
    - सम्पर्क व्यक्ति

२०८३/०१/१५
(सौरभ बस्याल)
शाखा अधिकृत

**सादर अवगतार्थ:**

माननीय गृहमन्त्रीज्यूको निजी सचिवालय, गृह मन्त्रालय, सिंहदरबार।

**बोधार्थ:**

श्री विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, गृह मन्त्रालय, सिंहदरबार।
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार।